आज मिति:२०७८।०१।०६ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | साविन्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | वासुदेव खनाल | सचिव | |

Scanned with CamScanner

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७८।०१।०६

**कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु-**

१. दोस्रो चौमासिक आय व्यय
२. महालेखा परीक्षकको आ.व.०७६।७७ को लेखा परीक्षण प्रारम्भिक प्रतिवेदन
३. उन्नत धान बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम संचालन
४. गजेहडा बजार व्यवस्थापनको सम्बन्धमा भएको विज्ञापन
५. गतवर्ष COVID-19 बाट प्रभावित पशुजन्य, वनजन्य पदार्थको ठेक्काको म्याद थपको निवेदन
६. डोरी तान खेलाडीलाई सम्मान तथा सहयोग
७. राष्ट्रपति (जिल्ला स्तरीय) सहभागीलाई यातायात खर्च सहयोग
८. नगर शिक्षा समितिबाट मेयर कपको सम्बन्धमा भएको निर्णय अनुमोदन र राष्ट्रपति रनिङ शिल्ड
९. विद्यालय मर्मत सम्भार
१०. संस्थागत स्व मूल्यांकन (LISA) नतीजा स्वीकृती
११. बायोग्यास र सुधारिएको चुलो जडान अनुदान
१२. औधोगिक ग्राम क्षेत्रको कामको शुरुवात
१३. बालमैत्री स्थानीय शासन
१४. डिजिटल नगर प्रोफाईल म्याद थप र स्वीकृती
१५. बाणगंगा नगर मासिक बुलेटिन प्रकाशन
१६. यातायात गुरुयोजना निर्माण,
१७. मंसिर मसान्त देखि रोकिएको पुरानो घरको अभिलेखिकरण दर्ता कार्य
१८. फोहोरमैला व्यवस्थापन
१९. बसपार्क
२०. Covid-19 को पूर्व तयारी
२१. विज्ञापन करको सम्झौता
२२. प्रदेश समपुरक योजना
२३. विविध

## निर्णयहरुः-

### निर्णय नं. १

यस बाणगंगा नगरपालिकाको आ.व.०७७।७८ को चैत्र मसान्त सम्मको आय व्ययको निम्नानुसारको प्रगति प्रतिवेदन माथी छलफल भयो।

| क्र सं | वजेटको स्रोत | वजेट अनुमान | वजेट सँसोधन | हालसम्म निकासा | हालसम्म खर्च | निकासामा खर्च प्रतिशत | विनियोजनमा खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सँघीय समानिकरण | १८९१००००० | १८९१००००० | ९४५५०००० | ७८२८१००० | ८२.७९ | ४१.४० | |
| २ | सँघीय सर्सत | ४१६५००००० | ४२८५८८००० | २१०७२९७५० | १५६६९५००० | ७४.३६ | ३६.५६ | |
| ३ | सँघीय विशेष | १८०००००० | १८०००००० | ९०००००० | ० | ०.०० | ०.०० | |
| ४ | सँघीय समपुरक | ४०००००० | ४०००००० | २०००००० | ० | ०.०० | ०.०० | |
| ५ | प्रदेश समानिकरण | ६२७८००० | ६२७८००० | १५६९५०० | १४७५००० | ९३.९८ | २३.४९ | |
| ६ | प्रदेश सर्सत | १७८५०००० | १७८५०००० | १३३८६५०० | ० | ०.०० | ०.०० | |
| ७ | प्रदेश विशेष | ७०००००० | ७०००००० | ५२५०००० | १५०००० | २.८६ | २.१४ | |
| ८ | प्रदेश समपुरक | २०००००००० | २०००००००० | १५०००००० | १००५०००० | ६७.०० | ५०.२५ | |
| ९ | राजश्व बाँडफाँड सँघ | १२८२२२५७० | १२८२२२५७० | ६८६१२१८३.७४ | ३०००२००० | ४३.७३ | २३.४० | |

Scanned with CamScanner

| क्र सं | बजेटको स्रोत | बजेट अनुमान | बजेट संसोधन | हालसम्म निकासा | हालसम्म खर्च | निकासामा खर्च प्रतिशत | विनियो[illegible] खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| १० | राजश्व बाँडफाँड प्रदेश | ५००२३००० | ५८६०७००० | २२१४४९७५ | ९९१०००० | ४५.११ | १७.०[illegible] | |
| ११ | आन्तरिक स्रोत | ९१७२५४३० | १११७२५४३० | ९२१२३८९० | ४०५८८००० | ४४.०६ | ३६.३३ | |
| १२ | जनसहभागिता | २५०००००० | २५०००००० | १५१४४०० | ६०५००० | ३९.९५ | २.४२ | |
| १३ | आई टि | ३६६४३० | ३६६४३० | १०७९६५ | १०७९६५ | १००.०० | २९.४६ | |
| १४ | सडक बोर्ड | ३५००००० | ३५००००० | ० | ० | ०.०० | ०.०० | |
| १५ | जि स स | ५००००००० | ६८१८२३८ | ६८१८२३८ | ५०६९००० | ७४.३४ | ७४.३४ | |
| १६ | स्थानीय पुर्वाधार वि सा | २००००००० | २५२२०००० | ० | ० | ०.०० | ०.०० | |
| १७ | बहुक्षेत्रीय पोषण | १०००००० | २८२४००० | ० | ० | ०.०० | ०.०० | |
| १८ | सामाजिक सुरक्षा | १८००००००० | १८००००००० | १४८३१३००० | १२६८१३७०४ | ८५.५० | ७०.४५ | |
| | जम्मा | ११८३५६५४३० | १२३३०९९६६८ | ६९११२०४०१.७ | ४५९८२६६६९ | ६६.५३ | ३७.२९ | |

**निर्णय नं. २**

यस बाणगंगा नगरपालिकाको आ.व.०७६।७७ को अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट डोर मुकाम मार्फत फागुन १३ देखि १९ सम्म लेखा परीक्षण गरि सम्पन्न भयो। उक्त टोलीबाट उपलब्ध गराईएको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन कार्यपालिकामा समिक्षा भयो उक्त प्रतिवेदनमा देखिएका कमि कमजोरी हरुलाई सुधार गर्ने र नियमित गरि फछ्यौंट हुने विषयलाई आवश्यक कागजात तथा बिल भरपाई उपलब्ध गराई फछ्यौंट गर्ने।

**निर्णय नं. ३**

चालु आ.व. २०७७/०७८ मा संघिय सरकारबाट शसर्त अनुदान तर्फ बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र हरिहरभवनबाट उन्नत धान वीउमा कृषकहरुलाइ अनुदान कार्यक्रम संचालनको लागि बजेट रु.१३,१८,०००/- (तेह्र लाख अठार हजार मात्र) प्राप्त भएको र उक्त कार्यक्रमको लागि वीउ खरिद गर्न टेण्डर प्रकृया सुरु भएकोले टेण्डर मार्फत खरिद गरिने वीउ प्रत्येक वडालाइ माग र आवस्यकताको आधारमा कृषि विकास शाखाको समन्वयमा उन्नत वीउमा कृषकहरुलाइ अनुदान कार्यक्रम संचालन प्रक्रिया, २०७७ अनुसार वडा कार्यालयबाट पचास प्रतिशत अनुदानमा तोकिएका मध्यम तथा मसिना जातको धानको उन्नत वीउ वितरण गर्ने र वीउको माग संकलनको लागि कृषि विकास शाखाबाट १५ दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ४**

यस नगरपालिका अन्तर्गत वडा नं. ४ मा रहेको गजेहडा कृषि साप्ताहिक हाटबजार व्यवस्थापन का लागि ठेक्का नं. ३६।०७७।७८, मितिः २०७७।०९।२९ मा पहिलो पटक दरभाउपत्र आव्हानको सूचना गरिएको र उक्त सूचना अनुसार कोही पनि दरभाउपत्र पेश गर्न नआएको कारण मितिः २०७७।१०।१८ मा पुन दररेट माग भएकोमा गंगा कंडेलको बोलकबोल रकम रु.३,००,१००।-, नन्द किशोर थारु रु.३,००,०१०।- र चन्द्रकान्त पोख्रेल रु.३,००,०५०।- दररेट पेश भएकोमा मूल्यांकन समितिबाट मितिः२०७७।१०।१५ मा मूल्यांकन गरि सम्झौताका लागि पहिलो अंक बोलकबोल गर्ने श्री गंगा बहादुर कंडेल, बाणगंगा-४, दरखास्तलाई २०७७।१०।२१ गते पत्राचार गरिएको र पटक पटक सम्पर्क गर्दा समेत सम्झौताको लागि नआएको र दोस्रो बोलकबोलदाता श्री चन्द्रकान्त पोख्रेललाई मितिः२०७७।१२।२६ मा पत्राचार र फोन सम्पर्क गरि पटकपटक बोलाउँदा समेत सम्झौता गर्न नआएकोले निजहरु दुवैको दरभाउपत्रसाथ पेश भएको धरौटी जफत गरि फेरी अर्को पटक सूचना गरि ठेक्का व्यवस्थापन गर्न समय नभएकोले यस आर्थिक वर्षको लागि उक्त ठेक्का व्यवस्थापन प्रक्रिया स्थगन गरि बजारको राजस्व असुली सम्बन्धी कार्यको लागि वडा नं. ४ को कार्यालयलाई जिम्मेवारी दिने।

**निर्णय नं. ५**

गतवर्ष COVID-19 बाट प्रभावित भई २०७६ चैत्रबाट महिनाबाट रोकिएको पशुजन्य, वनजन्य पदार्थको ठेक्काको म्याद थप का लागि निवेदन प्राप्त भई सो माथि छलफल गर्दा COVID-19 बाट प्रभावित ठेक्काहरुको विषयमा अध्ययनको लागि बनेको कार्यदलले अध्ययन गर्दा सो ठेक्काका व्यवस्थापनको लागि कार्यालयले उपलब्ध गराएका नगदी रसिदका ठेलीहरु समेत पेश नभएको कारण निर्णय गर्ने आधार नभएकोले यस सम्बन्धमा कुनै कार्यवाही नगर्ने।

Scanned with CamScanner

**निर्णय नं. ६**

यस बाणगंगा नगरपालिकाबाट डोरी तान खेलको प्रतिनिधित्व गर्दै जिल्ला स्तरीय डोरीतान प्रतियोगिताबाट विजय भई आएको हुँदा विजेयी डोरीतानका खेलाडीहरुलाई निर्णय नं. २३(६) को सि.नं.५ बमोजिम सम्मान गर्ने ।

**निर्णय नं. ७**

जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको लागि बाणगंगा नगरपालिकाबाट जिल्लामा सहभागि हुन जाने खेलाडी र सम्बन्धित विद्यालयबाट जाने शिक्षकहरुलाई दैनिक रु.३००।- का दरले यातायात शुविधा उपलब्ध गराउने ।

**निर्णय नं. ८**

तेश्रो मेयरकप प्रतियोगिताको खेलबाट प्रथम, द्वितीय र सान्तवना (२ टिम) का लागि क्रमशः ९० हजार, ६० हजार र १५/१५ हजारका दरले पुरस्कार रकम प्रदान गर्ने, प्रत्येक वडालाई १/१ वटा फुटवल उपलब्ध गराउने भनि शिक्षा समितिले गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०९**

आ.व. ०७७/७८ का लागि विनियोजित भएको विद्यालय मर्मत संभारको नगरस्तरिय योजनाको क्र.सं. २२ संघीय राजश्व बाडफाड रु. १५ लाख बजेटबाट तपसिलका विद्यालयहरुलाई मर्मतका लागि तपसिल अनुसार बजेट उपलब्ध गराउने ।

**तपसिल**

| क्र.सं. | विद्यालय | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | राम आधारभुत विद्यालय, भलवाड | १ लाख | |
| २ | सरस्वती आ.वि., बनगवा, पटना | १ लाख | |
| ३ | सिद्धार्थ आ.वि., गजेहडा | २ लाख | |
| ४ | भर्तापुर आ.वि., भलवाड | २ लाख | |
| ५ | ने.रा.प्रा.वि. बनगवा, लखनपारा | २ लाख | |
| ६ | सरस्वती प्रा.वि., ठाटी | १ लाख | |
| ७ | बालज्योती आ.वि., कप्टैया | १.५ लाख | |
| ८ | ज्ञानोदय नि.मा.वि., सुठौली | १ लाख | |
| ९ | गौतम बुद्ध आ.वि., भलवाड | १ लाख | |
| १० | आर्दश आ.वि., भडिहवा | २ लाख | |
| ११ | अन्तराष्ट्रिय युवा वर्ष आ.वि., सिमलखोर | ५० हजार | |
| | जम्मा | १५ लाख | |

त्यसैगरि मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमबाट तपसिलका विद्यालयहरुलाई अपाङ्गमैत्री ऱ्याम बनाउन लागत ईस्टिमेट अनुसार बजेट उपलब्ध गराउने ।

| क्र.सं. | विद्यालय | कैफियत |
|---|---|---|
| १ | भर्तापुर आ.वि., भलवाड | |
| २ | ओदारी मा.वि., ओदारी | |
| ३ | ने.रा.प्रा.वि. बनगवा, लखनपारा | |
| ४ | जनचेतना आ.वि., बनगाई | |
| ५ | जनसेवा आ.वि., मोर्मी | |

**निर्णय नं. १०**

संस्थागत स्व मूल्यांकन (LISA) निम्नानुसार पेश भएको र आगामी दिनमा सुधार गर्नुपर्ने क्षेत्रहरुलाई प्राथमिकताका साथ ब्यवस्थित गर्दै लैजान सम्बन्धित सबै शाखाहरुलाई जानकारी गराउने ।

| क्र.सं. | विषय पुर्णाङ्क | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७.५ |
| २ | संगठन तथा प्रशासन | ८ | ४ |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ६.५ |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ८ |
| ५ | सेवा प्रवाह | १६ | १३ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ४.५ |
| ७ | भौतिक पूर्वाधार | १३ | ५.५ |
| ८ | सामाजिक समावेशीकरण | १० | ५ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ५ |
| १० | सहकार्य र समन्वय | ६ | ० |
| | जम्मा | १०० | ५९ |

**निर्णय नं. ११**

राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत आ.व.०७७।७८ मा संचालन हुने गरि बायोग्यास जडानका लागि २ लाख र सुधारिएको चुल (बायग्यास) प्रविधि जडानका लागि २ लाख नेपाल सरकार शसर्त तर्फको बजेट स्वीकृत गरिएकोमा यस नगरपालिका क्षेत्रभित्र आ.व.०७७।७८ मा रजिष्टर्ड गोवर ग्यास कम्पनी मार्फत बायोग्यास गर्ने कृषकहरुलाई सम्बन्धित वडाको सिफारिस र कम्पनीको संग गरिएको सम्झौता पत्रको आधारमा प्रति बायोग्यास रु.१०,०००।- (दश हजार) का दरले पहिला दर्ता हुन आउने प्राथमिकताका आधारमा अनुदान रकम उपलब्ध गराउने। साथै नगरपालिका भित्र सुधारिएको चुलो (बायोग्यास) प्रविधि जडान गरी कुनै पनि रजिष्टर्ड कम्पनी र वडाको सिफारिसको साथमा माग भई आएमा पहिले दर्ता हुन आउने फर्मको प्राथमिकताको आधारमा लागत मूल्यको ७०% नगरपालिका र ३०% सम्बन्धित किसानले रकम व्यहोर्ने गरी अनुदान रकम उपलब्ध गराउने।

**निर्णय नं. १२**

यस नगरपालिका अन्तर्गत वडा नं. ९ को भलवाडमा स्थापना गर्नको लागि उद्योग मन्त्रालयबाट प्राप्त ९२ लाख बजेट रकम बराबरको कार्य DPR बमोजिम नदी नियन्त्रण र वाउन्ड्रीवाल निर्माण गर्न तत्काल ठेक्का प्रक्रिया अगाडी बढाउने।

**निर्णय नं. १३**

बालमैत्री स्थानीय शासनको घोषणा २०७८ साल जेष्ठ महिना भित्र गर्ने। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालमैत्री शासन घोषणाका लागि आवश्यक न्यूनतम सूचक ३९ रहेको र नगरपालिकाद्वारा दुई वटा सूचक थप गरी ४१ वटा सूचक कायम गर्ने थप गरिएका सूचकहरु:

१. सबै घरधूरी आयोडीन युक्त नूनको प्रयोग गरिएको हुनेछ।
२. प्रत्येक विद्यालय अपाङ्गमैत्री च्यामको व्यवस्था हुनेछ।

दुवै सूचकको घोषणाका लागि आवश्यक प्रतिशत १०० कायम गर्ने र घोषणाका लागि तयार भएका बाणगंगा नगरपालिकाको बालबालिकाको वस्तुगत विवरण, बालबालिका सम्बन्धी एकिकृत आवधिक रणनितिक योजना स्वीकृत गर्ने साथै बाणगंगा नगरपालिकाको लैंगिक हिंसा विरुद्धको रणनैतिक कार्ययोजना समेत स्वीकृत गर्ने।

**निर्णय नं. १४**

भुक्तानीको लागि पेश भएको यस बाणगंगा नगरपालिकाको डिजिटल नगर प्रोफाईलको समबन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को (क) बमोजिम कारवाही गरि सम्झौता रकममा उक्त कारवाही वापतको रकम कट्टी गरि बांकी रकम सम्बन्धित परामर्शदातालाई उपलब्ध गराउने ।

**निर्णय नं. १५**

बाणगंगा नगरपालिकाको मासिक बुलेटिन निर्माण गरि मासिक रुपमा प्रकाशन गर्न नगरप्रमुख, नगर उपप्रमुख सल्लाहकार रहने गरि प्रमुख प्रशासकीय अधिकृतलाई सम्पादकको जिम्मेवारी दिने र सम्पादकले सम्पादन मण्डल गठन गरि मासिक रुपमा प्रकासन गर्ने।

**निर्णय नं. १६**

२०७७ पुष मसान्त सम्म रोकिएको पुरानो घर अभिलेखिकरण दर्ता कार्यलाई असार मसान्त सम्मको लागि समय थप गरि पुनः सुचारु गर्ने ।

**निर्णय नं. १७**

बसपार्कको लागि जग्गाको व्यवस्थापन सम्बन्धी कार्यका लागि वडा नं. ४ का वडा अध्यक्ष श्री गणेश बहादुर क्षेत्री, वडा नं. ५ का अध्यक्ष श्री भिष्मराज भुसाल र वडा नं. ८ का वडा अध्यक्ष श्री गुणानिधि भुसाललाई जिम्मेवारी दिने।

**निर्णय नं. १८**

फोहोरमैला व्यवस्थापनको लागि जग्गा पहिचान गर्न सामुदायिक वनका पदाधिकारी र राजनितिक दल सहितको अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने।

**निर्णय नं. १९**

Scanned with CamScanner

एकिकृत शहरी विकास योजना बमोजिम चक्रपथ निर्माण गर्ने कार्यको लागि आ.व.०७७।७८ मा स्वीकृत बजेट कार्यान्वयनका [illegible] बसपार्कको स्थानलाई (०) शुन्य विन्दु मानि ट्रेक खोल्नुपर्ने स्थानहरुमा स्वीकृत बजेटको परिधिभित्र रही लागत ईस्टिमेट [illegible] पुराउन सकिन्छ त्यसै अनुसार कार्य अगाडी बढाउने ।

**निर्णय नं.२०**

जिल्ला प्रशासन कार्यालय कपिलवस्तु को च.नं.३३९८, मितिः२०७८।०१।०८ गतेको साथ जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) कपिलवस्तुको बैठकको निर्णयहरु कार्यान्वियनको लागि पठाएकोले यस बाणगंगा नगरपालिकाकाबाट कोरोना भाईरस नियन्त्रण र ममामारी व्यवस्थापनको लागि स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्न सबै वडाहरुमा समेत कार्यान्वियनको लागि पत्राचार गर्ने ।

**निर्णय नं.२१**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ र दफा ६४ बमोजिम यस नगरपालिकाले न्यूनतम अंक रु.५,००,०००।- अक्षेरुपी पाँचलाख मात्र रहने गरि यस नगरपालिका भित्र नियमानुसार लगाईने सबै किसिमका विज्ञापन करको व्यवस्थापनको लागि मितिः२०७७।०८।२५ मा ई-विड मार्फत बोलपत्र आव्हानको सूचना जारी गरिएको र उक्त विज्ञापनमा कुनैपनि फर्म वा विज्ञापन दाताले भाग नलिएको कारण मितिः२०७७।०९।१९ को निर्णय अनुसार दुई आर्थिक वर्ष ०७७।७८ र ०७८।७९ को लागि पहिलो वर्ष न्यूनतम रु.५,००,०००।- अक्षेरुपी पाँचलाख र दोस्रो वर्ष बोलकबोल अंकमा थप १०% भुक्तानी प्राप्त हुने गरि मितिः२०७७।१०।२० मा पुन विज्ञापन कर असुलीको लागि सूचना जारी गरिएकोमा ३ वटा फर्महरुले भाग लिएमध्ये सफल एडभर्टाईजिङ पोखरा कास्कीको बोल कबोल अंक रु.५,०५०००।- मूल्यांकन समितिबाट २०७७।११।०७ मा स्वीकृत गरि मितिः२०७७।११।२० मा निजलाई सम्झौताका लागि पत्राचार गरिएकोमा निजले २०७७।१२।०२ मा सबै बोलकबोल रकम रु.५०५०००।- नगरपालिकाको विभाज्य कोष खातामा दाखिला गरी नियमानुसार लाग्ने अग्रिम आयकर र मु.अ.कर मसेत दाखिला गरि सम्झौताको लागि सम्पर्क गर्न आएको देखिएको र तोकिएको मितिभित्र नआई केहीसमय पश्चात आएको भएता पनि पुनः ठेक्का व्यवस्थापन वा अन्य प्रक्रिया गर्दा नगरपालिकालाई थप आर्थिक भार पर्न सक्ने देखिएकोले निजसंग सम्झौता गरि विज्ञापन करको ठेक्का व्यवस्थापन गर्ने ।

**निर्णय नं. २२**

आ.व.०७८।७९ को लागि यस नगरपालिकाकाबाट प्रदेश समपुरक योजनाको लागि निम्नानुसारका योजना माग गर्ने

| सि.नं. | योजनाको नाम | लागत रू. | कैफियत |
|---|---|---|---|
| १ | बन्दौली, गन्सहवा देखि चप्परगाउँ जोड्ने सडक कालोपत्रे वडा नं. ८ | १,००,००,०००।- | |
| २ | गजेहडा तीनकुने चोकदेखि गंगोलिया हुँदै राजापानी जोड्ने सडक कालोपत्रे वडा नं. ३ | १,००,००,०००।- | |
| ३ | चम्किपुर देखि ठाँटी जोड्ने सडक कालोपत्रे वडा नं. ३ | १,००,००,०००।- | |
| ४ | भावपुर भेलरैया गोगापुर विरपुर हुँदै मिलनचोक जोड्ने सडक कालोपत्रे वडा नं. १० | १,००,००,०००।- | |
| | | | |
| | जम्मा | ४,००,००,०००।- | |

Scanned with CamScanner

निर्णय नं. २३ विविध

१. बाणगंगा नगरपालिका वडा नं.१० को वनगवा र वडा नं. ११ को ओदारी मा खोप केन्द्र निर्माण गर्ने ।

२. समूह गठन सम्बन्धी कार्यविधि मा समूह/संजाल दर्ता गर्ने प्रावधान थप गरि कार्यविधि संसोधन गर्ने ।

३. बाणगंगा नगरपालिका वडा नं. ९ को मितिः२०७७।१२।२९ को पत्रानुसार उक्त वडा मा अवस्थित धार्मिक प्रर्यटकीय स्थल रामे दतिवनको ४ किल्ला प्रमाणित गर्न अनुरोध भई आएकोले उक्त धार्मिक स्थलको अभिलेख तथा दर्ता सिफारिस प्रयोजनका लागि ४ किल्ला प्रमाणित गर्ने ।

४. जिल्ला प्रशासन कार्यालय कपिलवस्तु तौलिहवाको च.नं.३३४१ मितिः२०७८।०१।०५को पत्रानुसार लक्ष्मण घाट सामुदायिक वन उपभोक्ता समूह लक्ष्मणघाटको पत्र संलग्न राखि आवश्यक कारवाहीको लागि लेखि आएकोले सो सम्बन्धमा प्राविधिक जाँचबुझ गर्ने ।

५. भूमीसुधार तथा मालपोत कार्यालय तौलिहवा कपिलवस्तुको च.नं. ६०४३, मितिः २०७७।११।१६ को पत्रानुसार यस कार्यालयबाट ३ थान कम्प्युटर र १ थान फोटोकपि माग भई आएकोले १ थान कम्प्युटर र १ थान फोटोकपि उपलब्ध गराउने ।

६. निम्नानुसारको आर्थिक सहयोग उपलब्ध गराउने

| सि.नं. | संस्थाको नाम | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | कपिलवस्तु बहिरा संघ कपिलवस्तु | रु.५,०००।- | नवौं राष्ट्रिय महाधिवेसनमा सहभागीहुन हेटौडा जान खर्च प्रयाप्त नभएकोले सहयोग माग भएको । |
| २ | सुर्योदय युवा क्लव | रु.१,००,०००।- | खेल कार्यक्रम संचालन गर्दा भएको खर्च मध्ये नगरपालिकामा आर्थिक सहयोग माग भई आएको । |
| ३ | पतञ्जली योग जिल्ला समिति, कपिलवस्तु | रु.२०,०००।- | समितिले "कपिल प्रज्ञा" नामक स्मारिका प्रकाशन गरि यस नगरपालिकाका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थलहरुको विषयमा सन्देश मूलक तथा जानकारी मूलक सामाग्रीहरु प्रकासन गरि स्मारिका उपलब्ध गराएको र आर्थिक सहयोग समेत माग भएको । |
| ४ | राष्ट्रिय जनमोर्चा | रु.१०,०००।- | रा.ज.मो.को चौथो राष्ट्रिय सम्मेलन मा सहभागि हुन जाँदा आथिक सहयोग माग भई आएको । |
| ५ | डोरी तान संघ कपिलवस्तु | रु.३०,०००।- | जिल्ला स्तरीय डोरी तान खेलमा बाणगंगा नगरपालिकाको टोली सहभागी भई प्रथम स्थान हासिल गरि आएको र खेल संचालन गर्दा आर्थिक सहयोग माग भई आएको । |
| ६ | मानव अधिकार तथा शान्ति समाज | रु.१०,०००।- | अधिवेशन कार्यक्रममा पोखरा गई सहभागी हुन आर्थिक सहयोग माग भई आएको । |
| ७ | अखिल नेपाल जनजाती सम्मेलन | रु.५,०००।- | जिल्ला अधिवेसनको लागि आर्थिक सहयोग माग भई आएको । |
| ८ | पुनाराम बेल्बासे | रु.२५,०००।- | यसै नगरपालिकाक वडा नं. ३ गंगौलियामा बस्ने हुतकान्त बेल्बासेको नाती पुनाराम बेल्बासेको छोरा कुशल बेल्बासे २०७७।१२।१७ गतेका दिन मृत अवस्थामा भेटिएको साथै अनुसन्धानको क्रममा रहेको र निजको बुवा पुनाराम बेल्बासेको लुम्बिनी सि.टी. अस्पताल रुपन्देहीमा उपचार भई रहेको र घरको आर्थिक अवस्था न्यून भई आर्थिक सहयोग माग भई आएकोले विपद राहत स्वरुप रु.२५,०००।- आर्थिक सहयोग उपलब्ध गराउने । |
| ९ | दलित सशक्तिकरण संस्था कपिलवस्तु | रु.१०,०००।- | ५६औं अन्तराष्ट्रिय जातीय विभेद तथा छुआछुत उन्मुलन दिवस मनाउन भएको खर्च मध्ये नगरको साझेदारी हुन आर्थिक सहयोग माग भई आएको । |
| १० | नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) | रु.८०००।- | अन्तर्राष्ट्रिय श्रमिक दिवस-२०२१ मनाउनको लागि हुने खर्च मध्ये आर्थिक सहयोग माग भई आएको । |

Scanned with CamScanner